**२०७७ साल बैशाख १० गते बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** कोरोना भाइरस रोग (COVID-19) संक्रमणको विपद् जोखिम व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पठाउन स्वीकृति प्रदान गर्ने।

२. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ मा २०७७ सालमा प्रदेशस्तरमा थप सार्वजनिक एवम् पर्व विदा देहाय बमोजिम स्वीकृत गर्ने।

| **क्र.स.** | **चाडपर्व/उत्सवको नाम** | **तिथि/मिति/दिन** | **बिदा लागु हुने क्षेत्र** |
|---|---|---|---|
| १ | बकर ईद | तिथि अनुसार | प्रदेशभर |
| २ | माघि र माघे संक्रान्ति | माघ १ र २ गते | |
| ३ | प्रदेश स्थापना दिवस | फागुन ३ गते | |
| ४ | स्थानीय तहको जात्रा, पर्वको आवश्यकतालाई मध्यनजर गरी स्थानीयतहको निर्णयबाट | १ दिन | स्थानीय तहभर |
| ५ | निश्चित पर्व मनाउने समुदायले पाउने बिदा<br>भूम्या पूजा (रोल्पा र रुकुम पूर्व)<br>बडका अतवारी (दाङ, बाँके र बर्दिया)<br>रमजान (मुस्लिम समुदाय)<br>भगवती जात्रा (पाल्पा) आदि। | १ दिन | सम्वन्धित समुदाय |

३. **सामाजिक विकास मन्त्रालयः** नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रदेश नं.५ अन्तर्गत खटाइएका नेपाल स्वास्थ्य सेवा, पेडियाट्रिक्स समुह, पेडियाट्रिक्स मेडिसिन उपसमुहका अधिकृत एघारौं तहका डा. किरण मणि पौडेललाई लुम्बिनी प्रादेशिक अस्पतालमा प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन पदमा कामकाज गर्न खटाउने।

४. कोरोना (COVID-19) संक्रमणको कारण भएको लकडाउनको अवस्थालाई विचार गरी नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सम्वत् २०७७ साल बैशाख १० गते बुधवार राति १२:०० बजेदेखि प्रदेश नं. ५, प्रदेश सभाको चालू पाँचौं अधिवेशन अन्त्य गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।